# बारपाक सुलिकोट गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## ताकुकोट, गोरखा

## गण्डकी प्रदेश

## नेपाल

अध्यक्ष श्री बिष्णुप्रसाद भट्ट ज्युले

नवौ गाउँसभामा

प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७७/०७८ को

# बार्षिक समिक्षा प्रतिवेदन

**सभाका सदस्यहरु,**

१. नेपालको संविधान बमोजिम संघीय शासन व्यवस्थालाई स्थानीय तह देखि नै सुदृढीकरण गरी स्थानीय सरकारको माध्यमद्वारा जनताको दिगो शान्ति ,सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न तर्फ अगाडि बढिरहेकै समयमा कोभिड-१९ नामको कोरोना भाइरसवाट सिर्जित विश्वव्यापी महामारीले निम्त्याएको चुनौतीपूर्ण र असहज परिस्थितिमा **बारपाक सुलिकोट गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को बार्षिक समिक्षा प्रतिबेदन** यस सम्मानित गाउँसभामा प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ ।

२. राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायत विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु ।साथै विभिन्न राजनीतिक आन्दोलनको क्रममा बेपत्ता र पीडित नागरिकहरुप्रति उच्च सम्मान र सहानुभूति प्रकट गर्दछु ।यसैबीचमा गाउँसभाले गाउँसभा सदस्य तथा वडा नं. ४ का वडा सदस्य समेत रहुनभएका जनसेवामा प्रतिवद्ध शालिन नेता **श्री कालुराम सार्की (प्रेम नेपाली )**लाइ गुमाएको छ ।उहाँप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

३. नेपाल लगायत पुरै विश्व जगत कोभिड-१९ को महामारीबाट आक्रान्त भइरहेको छ । कोभिड-१९ को कारण विश्वभर संकट पैदा हुनुका साथै उल्लेख्य रुपमा जनधनको क्षति भएको छ । यस महामारीका कारण स्वदेश तथा विदेशमा जीवन गुमाउनुहुने नेपालीलगायत विश्वभरका नागरिकहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । यस गाउँपालिका लगायत नेपालभर र विदेशमा समेत उपचाररत दिदीबहिनी तथा दाजुभाइहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

४. कोभिड-१९ भाइरस रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिकाले स्थापना गरेको प्रकोप व्यवस्थापन कोषमा स्वैच्छिक रुपमा आर्थिक,स्वास्थ्य सामग्री तथा जिन्सी सामान सहयोग गर्नु हुने सम्पूर्ण व्यक्ति, बैंक तथा वित्तीय संस्था, सरकारी, गैर सरकारी संस्था एवम् सम्पूर्ण महानुभावहरुप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

५. कोरोना महामारीको उच्च जोखिमको यस घडीमा एकजुट भई महामारीको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा अग्रपंक्तिमा अहोरात्र खटिनु हुने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, शिक्षक, पत्रकार, सरसफाइकर्मी, सवारी चालक, नागरिक समाज लगायत सबैको योगदानको उच्च प्रशंसा गर्दछु । जोखिमपूर्ण यस परिस्थितिमा आ-आफ्नो तहबाट खटिनु हुने जनप्रतिनिधि, राजनीतिक दल, सञ्चारकर्मी, व्यवसायी, निजी क्षेत्र,

नागरिक समाज लगायत सबै व्यक्ति तथा संघसंस्थालाई धन्यवाद व्यक्त गर्दछु । हामीले जित्नै पर्ने यो रोग विरुद्दको लडाईमा सबैको थप ऐक्यवद्धता, सहकार्य, धैर्यता र आत्मविश्वासको आवश्यकता रहको छ । "**हामी महामारीलाई जित्छौं**भन्ने आत्मविश्वासका साथ अझ बढी " सतर्कता, समन्वय एवं दृढताका साथ यस महामारी विरुद्धको अभियानमा धैर्यतापूर्वक जुट्न सबैलाई आह्वान गर्दछु ।

६. स्थानीय सरकार बनेको चार वर्ष पुरा भै सकेको छ । शुन्य विन्दुबाट यात्रा शुरु गरेर नयाँ अनुभव र अभ्यासका साथ नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघीय प्रणालीलाई संस्थागत गर्न बारपाक सुलिकोट गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकारसँग सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्त बमोजिम निकै महत्वपूर्ण र ठोस उपलव्धिहरु हासिल गर्दै हाम्रो सरकार अगाडि बढिरहेको छ । यस्तो जटिल र चुनौतिपूर्ण मोडमा लोकतन्त्रको संस्थागत विकास गर्न सदा सजग र संवेदनशील रहि **हाम्रो सरकार काम गर्दैछ, नतिजा ल्याउँदैछ र अघि बढ्दैछ ।**

**सम्मानित सभाका**
**आदरणी सदस्य ज्यु**

७. अव म चालु आर्थिक बर्ष २०७७।०७८ मा गाउँपालिकाको बिकाश, सेवा प्रवाह र बित्तिय अवस्थाको बारेमा संक्षिप्त प्रतिबेदन सम्मानित सभामा पेश गर्ने अनुमती चाहन्छु ।

८. **एक घर एक धारा खानेपानी कार्यक्रम** अन्तरगत चालु आर्थिक बर्षमा ८५ प्रतिशत घरधुरीमा खानेपानीको पहुच बिस्तार भएको छ चालु आर्थिक बर्षको अन्त सम्ममा नब्बे प्रतिशत घरधुरीमा खानेपानीको पहुँच बिस्तार हुनेछ ।

९. पाल्खु - चनौटे सडक स्तरउन्नती कार्यले चालु आर्थिक बर्षमा पनि निरन्तरता पाएको छ साथै प्रदेश सरकारको समन्वयमा घ्याम्पेसाल- पाल्खु सडक कालोपत्रे गर्नको लागि ठेक्का सम्झौता भइ काम अगाडी बढिरहेको छ ।

१०. चालु आर्थीक बर्षमा उल्टे सडक, सौरपानी- ढोडेनी सडक, राङरुङ- पोखरी सडक स्तरउन्नती गर्ने कार्य सम्पन्न भएको छ साथै आगामी आर्थिक बर्षमा समेत उक्त सडकहरु स्तरउन्नती गर्ने कामलाइ निरन्तरता दिइने प्रतिवद्धता ब्यक्त गर्दछु । यसरी स्तरउन्नती हुने अरु सडकहरुमा देउराली -अमले सडक ,जराङ सडक, तामलाबोट- आपँस्वारा- डाँडागाउँ / हस्पिटल- आहलडाडाँ सडक स्तरउन्नती भएका छन् ।

११. गाउँपालिकाको प्रशासकिय भवन भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको हाल पचासी प्रतिशत भौतिक प्रगति सत्तरी प्रतिशत बित्तिय प्रगती हाल भएको अवस्था छ भने वडा नं ८ को वडा कार्यालयको प्रशासकिय भवन निर्माण कार्य सम्पन्न भइ सकेको छ भने वडा नं ६ र २ को वडा कार्यालय भवन निर्माणको लागि जग्गा प्राप्ति प्रक्रिया प्रारम्भ भएको छ । गाउँपालिका बहु- उद्देश्शीय सभाहल निर्माण समेत करिव सम्पन्न हुने क्रममा रहेको छ ।

१२. संघिय सरकार, प्रदेश सरकार र गाउँपालिकाको लागत साझेदारीमा उल्टे — पाल्खु सडक कालोपत्रे गर्ने गरी सम्झौता भइ सम्झौता बमोजीम योजना सम्पन्न भए पश्चात सडक पुर्वाधारमा गाउँपालिकाले अर्को एउटा महत्वपुर्ण उपलब्धि हासिल गर्ने आधार निर्माण भइ सकेको छ **।घ्याम्पेशाल- बहाकोट- हुडिँफाँट- सौरपानी- स्वाँरा -रन्चोक- पोखरी- बारपाक** सडक नेपाल सरकारको **एक निर्वाचन क्षेत्र एक रणनितिक सडक** कार्यक्रम भित्र पार्न गाउँपालिका सफल भएको छ । स्मरणहोस उक्त सडकको सबै भाग यस गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र पर्दछ ।

१३. गाउँपालिकाबाट सन्चालन तथा कार्यन्वयन हुने पुर्वाधारको योजनाहरुमा गुणस्तर परीक्षण गरी योजनालाइ लागत प्रभावी बनाइ दिगो रुपमा सन्चालन गर्न गाउँपालिकाले **प्राबिधिक ल्याव** चालु आर्थिक बर्षमा सन्चालनमा ल्याएको ल्याइएको अबस्था छ ।

१४. स्थानिय सरकार सन्चालन ऐन २०७४ बमोजीम गाउँपालिकाले चालु आर्थिक बर्षमा आफ्नै पालिका दररेट बनाइ लागु गरेको छ । यसरी आफ्नै **पालिका दररेट** बनाइ लागु गर्ने पहिलो गाउँपालिकाको रुपमा हामी हुन सफल भएका छौ ।

१५. **धुन्चोकपोखरी** संरक्षणको लागि जमीनको पहिचान र घेरावार गर्ने कार्य सम्पन्न भएको छ । चालु आर्थिक बर्षमा धुन्चोक पोखरी संरक्षणको लागि २५ लाख बजेट बिनियोजन भएकोमा सो योजना बमोजिम पोखरी संरक्षणको लागि उल्लेखित कार्य सम्पन्न भएको हो ।

१६. गाउँपालिकाका सबै क्षेत्रलाइ सन्चारबाट जोड्नको लागि नेपाल टेलिकम संगको समन्वयमा गाउँपालिकाका दुइ स्थानमा **फोर जी सेवा** चालु आर्थिक बर्षबाट सुरु भएको छ ।

१७. नेपाल सरकार बित्तिय हस्तान्तरण अन्तरगत चालु आर्थिक बर्षमा प्राप्त भएको अनुदान अन्तरगतको कार्याक्रम बराम समुदायको शसक्तिकरण परियोजनाबाट ३३ वटा बराम समद्ध समुह गठन सन्चालन तथा दर्ता हुन आइ कुखुरापालन र बाख्रापालन ब्यवसायबाट लाभान्भित हुन पुगेका छन् । आर्थिक सामाजिक अबस्था कमजोर भएका बराम समुदायका सवै ब्यक्तीहरु निशुल्क स्वास्थ्य बिमाको दायरामा समेटिएका छन ।

१८. **हुडिफाँट -खार्चोक -रन्चोक- बारपाक सडकको स्तरउन्नती** कार्य चालु भइ रहेको र हाल २० प्रतिशत भौतिक प्रगति हासिल भएको अबस्था छ ।

१९. यस चालु आर्थिक बर्षमा **१० वटा सामुदायिक भवन निर्माण कार्य** सम्पन्न भएका भइ सामाजीक एकिकरण गर्नमा सहयोग पुगेको छ ।

२०. पर्यटकिय पुर्बाधार तर्फ वडा नं १ र २ मा बुद्ध पार्क, शहिद स्मृत्ति पार्क, राउल्ड बोल्ट मनिडाँडा पार्क निर्माण कार्य सम्पन्न भइ पर्यटकीय पुर्बाधारमा टेवा पुगेको छ भने संघिय सरकारसंगको लागत साझेदारीमा दिल बहादुर रम्तेल पार्कको लागि टेन्डर आह्वान गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको अबस्था छ ।

२१. दिवा खाजा कार्याक्रम अन्तरगत सामुदायिक **बिद्यालयका करिव ३००० बालबालिकाहरु** सो कार्यक्रमबाट लाभान्तित भएका छन ।

२२. ३४ वटा सामुदायिक बिद्यालय सघन अनुगमन कार्यक्रमबाट बिद्यालयको शैक्षिक गुणस्तरमा कायम गर्नमा पृष्ठपोषण प्रदान गरी शैक्षिक शुसासनलाइ प्रवद्धन गरेको अबस्था छ । स्थानीय पाठ्यक्रम निर्माणको कार्य प्रारम्भ भइ आगामी शैक्षिक बर्षबाट कार्यन्वयनमा ल्याउने गरी काम अगाडी बढिरहेको अबस्था छ ।

२३. सामुदायिक बिद्यालयमा **अध्ययनरत ५००० बिद्यार्थीलाइ निशुल्क पाठ्यपुस्तक वितरण** गर्ने कार्य सम्पन्न भएको छ । सामुदायिक बिद्यालयमा अध्ययनरत छात्रहरुलाइ नेपाल सरकारको कार्यक्रम अन्तरतगत निशुल्क स्यानिटरी प्याड ब्यवस्था कार्यन्वयनमा आएको छ ।

२४. **निशुल्क र अनिबार्य शिक्षाको** कार्यन्वयन गर्ने राष्ट्रिय लक्ष्यलाइ आत्मसाथ गर्न सामुदायिक बिद्यालयहरुलाइ शिक्षक तलवी प्रयोजनको लागि अनुदान दिने व्यवस्थाबाट बिद्यालयमा बिद्यार्थिबाट शुल्क उठाउने कामलाई अन्त्य गर्नुका साथै सामुदायिक विद्यालयमा विद्यार्थीबाट कुनै पनि प्रकारको शुल्क उठाउने कार्यलाई बन्देज लगाईएको छ ।

२५. **बारपाक प्राबिधिक शिक्षालयको बाली बिज्ञान र पशु बिज्ञान बिषयमा डिप्लोमा** तहको पढाइ चालु आर्थिक बर्षमा सुरु भइ आवश्यक भौतिक संरचना निर्माणको लागि आवश्यक जग्गा प्रासि भइसकेको अबस्था छ ।

२६. **गाउँपालिका अध्यक्ष जेहेन्दार छात्रबृत्तीबाट** ६८ जना बिद्याथी लाभान्वित भइ कृषी र पशु क्षेत्रमा मध्यम स्तरको प्राबिधिक जनशक्ति उत्पादनमा सुनिश्चितता भएको छ ।

२७. शिक्षक बिद्यार्थीलाइ प्रोहोत्साहन गर्नको लागि कक्षा १ देखी १२ सम्मका उत्कृष्ठ बिद्यार्थीलाइ पुरस्कार तथा प्रमाणपत्र बितरण र शिक्षकहरुलाइ सम्मान पत्र तथा कक्षा ८, १० र १२ मा उत्कृष्ट नतिजा प्राप्त गर्ने बिद्यार्थीहरुलाइ प्रोहोत्साहन अनुदान प्रदान गरिएको छ ।

२८. बालबालिकाको शिकाइ प्रक्रियालाइ सहज बनाउन प्राथामिक तहलाइ लक्षित गरि शैक्षिक सामाग्री खरिद गरि बिद्यालयलाइ बितरण गरीको छ ।

२९. **साना सिंचाइ कार्यमक्रमले** यस बारपाक सुलिकोट गाउँपालिकाको बाझो जमिन उपयोग तथा कृषीको उत्पादनमा सकारात्मक सहयोग पुऱ्याएको देखिन्छ भने भकारो सुधार कार्यक्रमबाट न्युन आय स्तर भएका किसानहरुको जिवनस्तरमा सकारात्मक प्रभाव परेको छ ।

३०. प्लाष्टिकको घर निर्माण गर्ने कार्यक्रमले कृषकहरुलाइ **ब्यवसायीकरण र यन्त्रिकीकरणमा** सहयोग पुऱ्याउदै लगेको छ साथै यसबाट किसानहरुको कृषी पेश तर्फ ब्यवसायिकरण हुने बिषयको आन्तरिकरण समेतमा टेवा पुगेको छ ।

३१. फलफुल बितरणमा अनुदान बिभिन्न तरकारी तथा खाद्यन्न बालीको बिउ बिजन बितरणले गर्दा किसानहरुको स्थानिय सरकार प्रति सकारात्मक धारणा निर्माणमा सहयोग पुऱ्याएको छ ।

३२. सार्बजानिक बस पार्क निर्माण, सौरपानीमा प्राविधिक शिक्षालय, वहाकोटमा गाउँपालिका स्तरीय रंगशाला निर्माणको लागि जग्गा प्राप्ती कार्य सम्पन्न भइसकेको छ ।

३३. चालु आर्थिक बर्षको अन्तिम चौमासिक बाट सुरु भएको कोभिड- १९ को दोस्रो लहरको सङ्क्रमणबाट जुध्नको **लागि बिभिन्न ठाउँमा गरी २५ बेड क्षमताको सुलिकोट आइसोलेसन अस्पताल** सन्चालनमा आएको छ ।

३४. कोभिड- १९ को सङ्क्रण भएका गाउँपालिका बासीहरुलाइ **निशुल्क एम्बुलेन्स सेवा** प्रदान गरिनुका साथै अस्पतालमा निशुल्क सेवा दिने ब्यवस्था गरिएको छ ।

३५. कोभिड- १९ बाट ज्यान गुमाउनेको परिवारलाइ प्रति मृतकका हिसावले रु २५०००।- **(पच्चिस हजार ) क्षतीपुर्ती दिने** निर्णय गाउँ कार्यपालिकाले गरी कार्यन्वयनमा आएको छ ।

३६. बाझो जग्गा राख्ने कार्यलाइ रोक्न बाझो जग्गा उपयोग अनुदान कार्यबिधि २०७७ जारी गरि गाउँपालिका भर बाझो जग्गाको लगत राख्ने काम सम्पन्न भइ सकेको छ भने यसबाट १०० कृषक लाभान्भित हुन पुगेका छन ।यसबाट चालु आर्थिक **बर्षमा छ सय रोपनी बाझो जग्गामा खेती भइ कृषी उत्पादनमा सकारात्मक असर परेको छ ।**

३७. सुरक्षीत गर्भपतनबाट **तिस जना महिलाले** यस गाउँपालिकाबाट सेवा पाएका छन भने ५६६ जना २ बर्ष मुनीका बालबालिकाहरुको बृद्धि अनुगमन गर्ने कार्य सम्पन्न भएको छ । साथै ४७८ **जेष्ठ नागरिकले निशुल्क स्वास्थ्य सेवा तथा परामर्श सेवाबाट लाभान्तित भएको** छन ।

३८. गाउँपालिका उपाध्यक्ष कोशेली कार्यक्रमबाट **एक सय तिस जना गर्भवती महिलालाइ पोषण सामाग्री** बितरणबाट गर्भवती र नवजात शिशुको स्वास्थ्य जोखिमलाइ कम गर्नको टेवा पुगेको छ ।

३९. **सस्थागत प्रसुतीको सङ्ख्या चालु आर्थिक बर्षमा एक सय चौतिस जना पुगेको छ** सो सङ्ख्या गत आर्थिक बर्षको भन्दा बढी हो यसबाट स्वास्थ्य संस्थामा प्रसुती गराउने कार्य सुरक्षीत हो भन्ने चेतना आम जनसमुदायमा बिस्तार भएको देखिन्छ ।

४०. **१५ शैयाको आधारभुत अस्पतालको** ठेक्का सम्झौता अन्तिम चरणमा पुगेको छ सो अस्पताल आगामी आर्थिक बर्ष सम्पन्न हुने बिश्वास लिएको छु ।

४१. स्वाँरा स्वास्थ्य चौकी ,सौरपानी स्वास्थ्य चौकी ,सौरपानी आर्युबेदिक औपधालय र पाचँखुवा स्वास्थ्य चौकीको भवन निर्माणको लागि ठेक्का सम्झौता भइसकेको छ । मान्द्रे स्वास्थ्य चौकी भवन निर्माणको लागि जग्गा प्राप्ति प्रक्रिया सुरु भइसकेको छ ।

४२. बारपाक सुलीकोट गाउँपालिका भित्रका **स्वास्थ्य संस्थामा न्युनतम स्वास्थ मापदण्ड** अनुगमन कार्य सम्पन्न भएको छ यसबाट स्वास्थ सस्थामा आगामी दिनहरुमा गर्नु पर्ने कार्य तथा सस्थागत क्षमता बढाउने उपायहरुको स्पस्ट दिशाबोध गर्ने प्रेरणा मिलेको छ ।

४३. उन विकाशको लागि भेडा प्रवद्धन कार्याक्रमबाट **५० वटा भेडा फर्महरु लाभान्भित** भएका छन । यसबाट पशुजन्य ब्यवसायको ब्यवसायीकरुण बाट आयआर्जनमा सकारात्मक असर पुगेको छ ।

४४. **बाख्रा पकेट क्षेत्र कार्याक्रम** अन्तरगत लागत साझेदारीमा बाख्रा प्रवद्धन कार्याक्रमबाट सत्तरी कृषक समुह लाभान्दित भएका छन ।

४५. निशुल्क पशुधन पशुधन बिमा कार्याक्रमबाट १५०० बाख्रा र २०० भैसी गरी **१७०० पशुपंक्षी बिमाको दायरामा** आएका छन ।यसले कृषि ब्यवसायको जोखिमलाइ न्युन गर्नमा सहयोग पुगेको अबस्था छ ।

४६. कृषक समुहलाइ १० वटा हाते ट्याक्टर बिवरण मार्फत कृषिको **ब्यवसायिकरण तथा यन्त्रिकरणमा** सहयोग पुगेको छ ।

४७. राहतका लागि रोजगारी कार्यक्रमबाट न्युन आए भएका र कोरोनाको महामारीबाट रोजगार गुमाएका **तिन सय जना नागरिकहरुले** अल्पकालिन रोजगारी प्राप्त गरेका छन ।

४८. महिलासंग उपाध्यक्ष कार्याक्रमबाट तिन महिने आधारभुत सिलाइ कटाइ तालिमबाट **पैसठ्ठी जना महिलाले सीप बिकाश** तालिम प्राप्त गरी स्वरोजगार उन्मुख ब्यवसायका लागि सक्षम भएका छन जहा ६५ जना मध्ये २२ जना महिला दलित समुदायमा रहेका छन ।

४९. अभिभावक विहिन सामुदायिक बिद्यालयमा अध्ययनरत १८ वटा सामुदायिक बिद्यालयका **१२१ जना छात्र छात्राहरुलाइ** प्रति छात्र छात्रा रु. ३५००।— का दरले छात्रबृत्ती प्रदान गरीएको अबस्था छ । यसले गर्दा गरिव तथा सिमान्तकृत समुदायमा **शिक्षाको पहुच तथा बिस्तारमा** टेवा पुगेको छ ।

५०. तिन वटा महिला सहकारी संस्थाहरु तिन वटा कोदो पिस्ने मेसिन र एउटा धान कुट्ने मिल वितरण गर्ने कार्य सम्पन्न भइ **महिला शसक्तिकरण** र क्षमता विकाशमा टेवा पुगेको छ ।

५१. महिला माथी हुने सबै प्रकारका हिंसाको रोकथामको लागि **लैङ्गीक हिंसा निवारण कोष** स्थापना भइ सो कोषमा २ लाख रकम जम्मा गरीएको छ ।

५२. **प्रधानमन्त्री रोजगार कार्याक्रम** बाट न्युनतम रोजगारी पाउनेको सङ्ख्या ३०० पुगेको छ । आगामी आर्थिक बर्षमा प्रधानमन्त्री रोजगार कार्याक्रममा सहभागी हुनको लागि रोजगार सुचना प्रणालीमा २००० श्रमीक प्रविष्ट हुन पुगेका छन त्यस्तै **गरिबी निवारणको लागि लघु उद्यम कार्याक्रमबाट** ८० जना ब्यक्तिले सीपमुलक तालिम प्राप्त गरेका छन् भने **गाउँपालिका अध्यक्ष गरिबि निवारण** कार्याक्रमबाट २० जना युवाहरुले सवारी साधन सम्बन्धि तालिम प्राप्त गरेका छन ।गाउँपालिका अध्यक्ष गरीबी निवारण कार्याक्रम अन्तरगत कृषि ब्याजको ऋणमा असी प्रतिशत ब्याज अनुदान अन्तरगत बैङ्कसंग अनुदान सम्झौता भइ ७८ वटा कृषक समुह फर्म र ब्याज अनुदानको लागि छनौट भइ पाच वटा फर्महरुले बैङ्कबाट कर्जा प्राप्त गरेका छन भने अरु बाकी कर्जा प्राप्त गर्ने प्रक्रियामा रहेका छन ।

५३. गत बर्षको श्रवण तथा भाद्र महिनामा भएको अविरल बर्षाको कारण पुर्ण रुपमा क्षती १५ निजी आवाश र आंशिक रुपमा क्षती ग्रस्त भएका १०० निजी आवाशहरुलाइ जिल्ला प्रासन कार्यालय गोरखा र गाउँपालिकाले संयुक्त रुपमा पुर्ण रुपमा क्षती ग्रस्त १५ निजी आवशासलाइ रु ३००००।- **(तिस हजार) र आशिक क्षती भएका प्रति परिवार रु १५०००।- (प्रन्ध हजार)** राहत बितरण गर्ने कार्य सम्पन्न भएको छ । पहिरो तथा बाढीको जोखिममा

रहेका घर परिवारलाइ माग तथा आवश्यकताको  तारजाली बितरण गर्ने कार्य सम्पन्न भएको छ ।

५४. गाउँपालिकाको वडा नं ३ स्वाँरामा प्रदेश सरकार र गाउँपालिकाको संयुक्त प्रयत्नमा **गाउँपालिका आपतकालिन गृहको** जग्गा प्राप्ती भइ  भवन निर्माण कार्य सम्पन्न भएको छ ।

५५. **वडा कार्यालयको सघन प्रशासनिक अनुगमन** कार्य चालु आर्थिक बर्षमा प्रारम्भ भएको छ यसबाट वडातहमा प्रवाह हुने सेवालाइ ब्यस्थित र जनमैत्री भइ शुसासनमा टेवा पुगेको छ ।साथै वडा कार्यालयको संस्थागत क्षमता अभिबृद्धिको लागि आगामी दिनमा चाल्नु पर्ने कदमलाइ प्रस्ट दिशाबोध गरेको अबस्था छ ।

५६. गाउँपालिका र गाउँ सभाका बैठक नियमित र संबिधान र कानुनले तोकेको समयमा सम्पन्न भएको छ यसबाट स्थानिय सरकारको शासकिय प्रवन्धको स्तर राम्रो तथा सन्तोषजनक नै रहेको छ ।

५७. तिन लाख रुपैया सम्म लागत अनुमान भएका योजना वडा कार्यालयट सम्झौता गर्ने गरी अधिकार प्रत्यायोजन गरीएकोले गर्दा साना तिना योजनाको लागि उपभोक्ता समितिलाइ गाउँ कार्यापालिकाको कार्यालयमा आउने झन्झट अन्त्य भइ गाउँपालिकाको सेवा प्रवाह तथा बिकाश कार्यलाइ जनताको घर दैलोमा लग्ने **स्थानिय सरकारको बिकेन्द्रित**  नितीको व्यवहारिक कार्यन्वयनमा आएको अबस्था छ ।

५८. संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले चालु आर्थिक बर्षबाट कार्यन्वयनमा ल्याएको **स्थानिय तहको संस्थागत क्षमता स्वमुल्याङ्कन** प्रणाली अन्तरगत गाउँपालिकाको कार्य सम्पादन स्तर कुल १०० अंकमा ६७ अंक प्राप्त गरेको  छ । यसले कार्यालयको कार्य सम्पादन स्तर औषत रहेको देखाउछ । आगामी दिनमा कार्यालयको कार्यसम्पादन स्तर औसत भन्दा माथी लैजान अभिलेख ब्यवस्थापन तथा कार्य सम्पादमा समग्र प्रशासनिक समयन्त्रको क्षमता विकाश हुन जरुरी छ भने जनप्रतिनिधिहरुको निर्णय क्षमता अभिबृद्धि तथा अनुगमन मुल्याङ्कन गर्ने कार्यलाइ प्राथामिकता दिनु पर्ने देखिन्छ ।

५९. चालु आर्थिक बर्षमा संस्था दर्ता ऐन, २०७७ र पशु स्वास्थ्य ऐन, २०७७ र स्थानिय वन ऐन ,२०७७ गाउँ सभाबाट पारित भएको अबस्था छ भने गाउँ कार्यपालिकाबाट समेत करिव एक दर्जन नियमावली कार्यबिधि तथा मापदण्ड पारित भइ **स्थानिय सरकारको बिधायीकी** कार्यको भुमिका समेत सफलता  निर्बाह गर्दै गएको अबस्था छ  ।

६०.	समुदायमा न्यायिक समिति कार्यक्रमबाट स्थानिय समुदायका १०० जना ब्यक्तिलाइ स्थानिय न्यायिक समितिको क्षेत्राधिकार र मेलमिलाप सम्बन्धी अभिमुखिकरण गर्ने कार्य सम्पन्न भइ नेपालको संबिधान, २०७२ र स्थानिय सरकार सन्चालन ,२०७४ बमोजिम स्थानिय तहलाइ प्रदान गरेको न्यायिक अधिकार कार्यन्वयनमा ल्याउन सहयोग गरी **न्यायमा पहुँचमा अभिबृद्धि** गर्नको लागि आधार प्रदान गरिनेछ । मेलमिलाप केन्द्र सन्चालन कार्यबिधि , २०७७ पारित भइ वडा तहमा मेलमिलाप केन्द्र सन्चालनमा आएका छन भने चालु आर्थिक बर्षमा न्यायिक समितिमा २४ जना मेलमिलाप कर्ता सुचिकृत भएका छन ।

६१.	बजेट तथा कार्यक्रम तर्जुमा समिति बजेट सीमा तथा स्रोत अनुमान समिति र राजश्व परामर्श समितिका सम्बन्धित समितिका कार्य सन्चालन कार्यबिधि स्वीकृत भइ समितिको क्रियाशिलता बढ्न सफल भएको छ ।

६२.	चालु आर्थिक राजश्वको लक्ष्य छ्यासी लाख प्रक्षेपण गरिएकोमा चालु आर्थिक बर्षको जेठ मसान्त सम्म **त्रिचालिस लाख राजश्व परिचालन** भएको अबस्था छ । यो राजश्व अनुमानित राजश्वको पचास प्रतिशत मात्र हो यस्तो हुनमा कोभिड-१९ को दोस्रो सङ्कमणबाट आर्थिक क्षेत्रमा परेको प्रभाव सोको रोकथाम गर्न नेपाल सरकारले बिभिन्न क्षेत्रमा लगाएका प्रतिबन्धहरुले जनजीवनमा पारेको प्रभाव र वडा कार्यालयबाट समयमा नै राजश्र दाखिला नहुनु प्रमुख कारण रहेको छ ।

# धन्यवाद

# बिष्णुप्रसाद भट्ट

# अध्यक्ष